# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## धनगढी,कैलाली
## सुदूर पश्चिम प्रदेश,नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी,कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

**तेश्रो पटक प्रकाशित मिति:२०७७।०८।११**

**नदीजन्य पदार्थको बिक्रीका लागि सिलबन्दि बोलपत्र आह्वान सम्बन्धी सूचना ।**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२(क) अनुसार यस नगरपालिकाले आफ्नो क्षेत्र भित्र भएर बग्ने IEE गरेका र घाटगद्दी तोकिएका नदीखोलाहरूबाट गिट्टी, बालुवा, भरान, ग्राभेल (नदी जन्य पदार्थ ) बिक्री गर्न सक्ने प्रावधान बमोजिम आ.व.०७७।०७८ का लागि नगरसभा बाट तोकिएको दररेट बमोजिम रोयल्टी संकलन गर्न चाहने इजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरूले तपसिलका शर्तहरूको अधिनमा रही ठेक्का भोगचलनको लागि सिलबन्दी बोलपत्र पेश गर्न हुन सम्बन्धित सबैकौ जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिलका शर्तहरू:</u>

१। न्यूनतम ठेक्का अंक रू १,०५,००,०००।( एक करोड पांच लाख मात्र) कायम गरिएको छ ।

२। ठेक्काको अवधि ठेक्का स्वीकृत भै सम्झौता गरेको मितिले ०७८ साल जेष्ठ मसान्तसम्म मात्र कायम रहने छ

३। तोकिएको स्थानको सीमा रेखाभन्दा बाहिर गई रोयल्टी संकलन गर्न पाईने छैन,तोकिएको सीमाभन्दा बाहिर गई रोयल्टी संकलन गरिएको जानकारी वा प्रमाण फेला परेमा यस यस कार्यालयले जुनसुकै अवस्थामा पनि ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।

४। वोलपत्र फाराम कार्यालय समयभित्र राजश्व शाखाबाट वा यस कार्यालयको रा.बा.बैको खाता न. ४१७००३०१०१०००२ मा नगद जम्मा गरी (रू ३०००। फिर्ता नहुने गरी) खरीद गर्न सकिने छ

५। वोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ७ औ दिनको कार्यालय समय भित्र खरिद गरिसक्नु पर्नेछ । वोलपत्र ८ औ दिनको १२.०० वजे भित्र कार्यालयमा पेश गरिसक्नु पर्नेछ । वोलपत्र ८ औ दिनको २.०० वजे खोलिने हुंदा सो समयमा वोलपत्रदाता वा निजले तोकेको प्रतिनिधि उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्नेछैन ।

६। वोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे लगत्तै कार्यालय खुलेको दिन सोही समयमा काम हुने छ ।

७। आफुले कवोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता हि.न.४१७००३०३००००२ मा नगद जम्मा वा सो रकम बराबरको १२० दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्ने छ ।

८। वोलपत्र दाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अवधिसम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ ।

९। ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरि सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाँकी किस्ताको रकम चार चार महिनाको एकमुष्ट अग्रिम रूपमा बुझाउनु पर्ने छ ।

जगन्नाथ पन्त

अधिकृत

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## धनगढी,कैलाली
## सुदुर पश्चिम प्रदेश,नेपाल

१०। वोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११। यस कार्यालयबाट प्रमाणित नगरि विक्री भएको,म्याद नाघी आएको वोलपत्र माथी कुनै कारवाही हुने छैन ।

१२। यस शर्तमा लेखेका कुराहरू यसै बमोजिम र छुटेका कुराहरू बोलपत्र फाराममा उल्लिखित शर्तहरू,यस नगरपालिकाको स्वीकृत सार्वजनिक खरिद नियमावली २०७७, ढुङ्गा गिट्टी बालुवा उत्खनन बिक्रि तथा ब्यवस्थापन मादण्ड २०७७,स्थानीय सरकार संचालन ऐन, २०७४ ,नगर सभाले स्वीकृत गरेको आर्थिक ऐन २०७७ र प्रदेश तथा प्रचलित कानून बमोजिम हुनेछ । साथै कार्यगत शर्तका विवरणहरू सम्झौतामा उल्लेख भए वमोजिम हुनेछन् ।

१३। स्वीकृत कार्यबिवरण बमोजिम पाँचस्थानका नदी घाट कभरेजबाट बालुवा गिट्टी र ग्राभेल उत्खनन् र संकलन गर्ने परिमाण यस आ.ब. को ६ महिना बांकी अवधिका लागि अधिकतम १३७१९६। घन मिटर मात्र हुनेछ । स्वीकृत परिमाण र तोकिए बमोजिमको नदी घाट कभरेज( Coverage) भन्दा बाहिर गएर संकलन,उत्खनन् घाटगद्दी र बिक्रि गर्न पाईने छैन ।

१४। यस कार्यालयको महालेखा परीक्षकको प्रतिबेदनमा बेरूजु उल्लेख भएका फर्म वा कम्पनीहरूले यस सूचना अनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागि भ्याट समायोजन गरेको सम्बन्धित आन्तरिक राजश्व कार्यालयको पत्र पेश गरेपछि मात्र योग्य हुनेछन् । यस ब्यहोरा अनुसार सम्बन्धित फर्म वा कम्पनीहरूले आफ्नो बेरूजु बिवरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परीक्षकको प्रतिबेदन हेर्न समेत सूचित गरिन्छ ।

१५। वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र राजश्व शाखाको फोन न. ०९१५२१३२९ मा सम्पर्क राख्न सकिने छ ।

प्रमख प्रशासकीय अधिकृत

जगन्नाथ पन्त
प्रमुख प्रशासकीय अधिकृत
(सह सचिव)